# बनेपा नगर कार्यपालिकाको

सामाजिक सुरक्षा भत्ता सम्बन्धी

## जानकारी

(१) सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुमा जेष्ठ नागरिक (दलित/अन्य), एकल महिला, विधवा महिला, पूर्ण अपाङ्गता भएका व्यक्ति, अति अशक्त अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख आदीवासी जनजाती तथा वालवालिका (दलित) हरु पर्दछन् ।

(२) साविकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले श्रावण १ देखि पुस मसान्तभित्र सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को अनुसूची ४ बमोजिमको नवीकरण फारम भरी आ-आफ्नो वडा कार्यालयमा गई नाम नवीकरण गर्नु पर्नेछ । यसरी संकलन गरिएको नवीकरण फारम दोश्रो चौमासिक सामाजिक सुरक्षा भत्ता माग सँगै नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने दायित्व वडा कार्यालयको हुनेछ । नाम नवीकरण नगर्ने लाभग्राहीहरुले चालु आर्थिक वर्षको दोश्रो चौमासिकदेखि नै भत्ता पाउन सक्ने छैनन् ।

(३) नयाँ लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ता प्राप्तिका लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को अनुसूची ३ बमोजिमको फारम भरी आ-आफ्नो वडा कार्यालयमा गई अनलाइन आवेदन दर्ता गराउन सकिने व्यवस्था बनेपा नगरपालिकाले गरेको छ ।

(४) आवेदन दर्ता गराउन चाहने कुनै पनि लाभग्राही समूहका लागि १६ वर्ष उमेर नाघेका व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्र र १६ वर्ष नपुगेकाको हकमा जन्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गरेको हुनु पर्नेछ ।

(५) जेष्ठ नागरिक (दलित/अन्य) को आवेदन हरेक वर्षको श्रावण १ देखि पुस मसान्तभित्र मात्र दर्ता गर्न सकिने छ । यसरी आवेदन प्राप्त गर्दा आगामी आ.व. को फागुन मसान्त (२०७७ साल फागुन मसान्त) सम्ममा ७० वर्ष उमेर पूरा हुने जेष्ठ नागरिक (अन्य) र ६० वर्ष उमेर पूरा हुने जेष्ठ नागरिक (दलित) को मात्र निवेदन लिई यही २०७६ सालको पुस मसान्तसम्ममा अनलाइन दर्ता गरे गराएको हुनु पर्नेछ । यसरी दर्ता भएका नयाँ लाभग्राही (जेष्ठ नागरिक) हरुको जुन चौमासिकमा तोकिएको उमेर पुग्ने हो त्यसको अर्को (पछिल्लो) चौमासिकदेखि नै भत्ता पाउने गरी दर्ता गर्न सकिने छ ।

(६) अन्य समूह (एकल महिला, विधवा, पूर्ण अपाङ्गता भएका व्यक्ति, अति अशक्त अपाङ्गता भएका व्यक्ति तथा दलित वालवालिका) का लाभग्राहीको हकमा जहिलेसुकै आवेदन लिई अनलाइन दर्ता गर्न सकिने छ । त्यस्ता लाभग्राहीबाट आवेदन प्राप्त गरी दर्ता भएको अर्को (पछिल्लो) चौमासिकदेखि नै सामाजिक सुरक्षा भत्ता प्रदान गर्न सकिने व्यवस्था गरिएको छ ।

(७) एकल महिला समूहबाट सामाजिक सुरक्षा भत्ता पाउनको लागि एकल महिला भएको लिखित प्रमाण ( अविवाहित रहेको नाता प्रमाणित वा अदालतबाट सम्बन्ध विच्छेद गरिएको कागजात) अनिवार्य रुपमा पेश गरेको हुनु पर्नेछ ।

(८) विधवा महिला समूहबाट सामाजिक सुरक्षा भत्ता पाउनको लागि पतिको परलोक भएको मृत्यू दर्ता प्रमाण पत्र अनिवार्य रुपमा पेश गरेको हुनु पर्नेछ ।

(९) सामाजिक सुरक्षा भत्ता प्राप्तिका लागि वडा कार्यालयमा प्राप्त हुने नयाँ आवेदनमाथि तत्काल जाँचबुझ गरी वेवसाइटमा प्रविष्टी गरी आवश्यक कागजात सहितको प्राप्त आवेदनलाई फाइलिङ्ग गरी बनेपा नगर कार्यपालिकाको कार्यालयमा हरेक चौमासिक निकाशा माग सँगै पेश गर्नुपर्नेछ ।

(१०) कुनै पनि लाभग्राहीको उमेरको गणना गर्दा निजले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाण पत्रलाई मात्र आधार लिनु पर्नेछ । अन्य कुनै पनि प्रमाणलाई आधार लिन पाइने छैन ।

२०७६।०४।०६

प्रमुख प्रशासकीय अधिकृत

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल

(११) कुनै पनि लाभग्राहीको अनलाइन प्रविष्टी गर्दा लाभग्राही वा निजको नजीकको हकदारको मोवाइल /सम्पर्क नम्वर अनिवार्य रुपमा प्रविष्टी गरेको हुनु पर्नेछ ।

(१२) पूर्ण अपाङ्गता भएका व्यक्ति भन्नाले साविकको जिल्ला महिला तथा वालवालिका कार्यालय अथवा हालको बनेपा नगरपालिकाबाट प्रदान गरिने रातो रङ्गको 'क' वर्गको अपाङ्गता परिचय पत्र प्राप्त गरेको अपाङ्ग व्यक्तिलाई बुझाउने छ ।

(१३ अति अशक्त अपाङ्गता भएका व्यक्ति भन्नाले साविकको जिल्ला महिला तथा वालवालिका कार्यालय अथवा हालको बनेपा नगरपालिकाबाट प्रदान गरिने निलो रङ्गको 'ख' वर्गको अपाङ्गता परिचय पत्र प्राप्त गरेको अपाङ्ग व्यक्तिलाई बुझाउने छ ।

(१४) अपाङ्गता भएका लाभग्राहीको अनलाइन दर्ता गर्दा अपाङ्गता परिचय पत्र नम्वर लगायतका विवरण अनिवार्य रुपमा भर्नु पर्नेछ ।

(१५) वालवालिका सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनलाइन प्रविष्टी गर्दा वालवालिकाको जन्म दर्ता प्रमाण पत्र नं. लगायतका सवै विवरणहरु अनिवार्य रुपमा भर्नु पर्नेछ ।

(१६) हरेक वर्षको असोज १ गते प्रथम चौमासिक, माघ १५ गते दोश्रो चौमासिक र जेठ १५ गते तेश्रो चौमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने समय सूचीको व्यवस्था भएकोले हरेक वर्षको प्रथम चौमासिकका लागि भाद्र १५ गते, दोश्रो चौमासिकको लागि माघ १ गते र तेश्रो चौमासिकको लागि जेष्ठ १ गतेभित्र लाभग्राहीहरुको तथ्यांक अपडेट गरी सम्बन्धित वडा कार्यालयले निकाशा माग गर्नु गराउनु पर्नेछ ।

(१७) सामजिक सुरक्षा भत्ता व्यवस्थापनको लागि नेपाल सरकारबाट स्वीकृत 'सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५' को परिच्छेद ७ को दफा २२ मा "मन्त्रालयको स्वीकृति विना सामाजिक सुरक्षा भत्ता हातहातै नगद वितरण गर्न पाइने छैन" भन्ने व्यवस्था रहेकाले वैङ्क मार्फत भत्ता वितरण नभएका वडा कार्यालयहरुले बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरणका लागि पहल गर्नु वडा कार्यालयको दायित्व हुनेछ ।

(१८) लाभग्राहीबाट आवेदन प्राप्त गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को अनुसूची ३ बमोजिमको फारम अनिवार्य रुपमा भरी भराई वडा अध्यक्षबाट प्रमाणित भएको आवेदन मात्र अनलाइन दर्ता गर्नु गराउनु वडा कार्यालयको दायित्व हुनेछ ।

(१९) लगत कट्टा हुने लाभग्राहीहरुको आवश्यक प्रमाण कागजातका साथ अनलाइन सूचना प्रणालीमा समयमै लगत कट्टा गर्नु गराउनु सम्बन्धित सबैको दायित्व हुनेछ ।

(२०) कुनै पनि लाभग्राहीले भत्ता पाउने स्थान परिवर्तन गर्न चाहेमा सोही व्यहोराको निवेदन प्राप्त गरी भत्ता पाउनको लागि अनलाईन स्थान परिवर्तन (बसाई सरी ल.क.) गरी 'सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५' को अनुसूची ९ बमोजिमको फारमबाट स्थान परिवर्तनको सिफारिश गरी उक्त सिफारिश सम्बन्धित लाभग्राही हस्ते भत्ता पाउने स्थान परिवर्तन गरिएको स्थानीय तहमा पठाउनु पर्नेछ । अन्य स्थानीय तहबाट प्राप्त हुने स्थान परिवर्तनको सिफारिश बमोजिम बसाई सराई दर्ता गर्नु पनि वडा कार्यालयको दायित्व हुनेछ । स्थान परिवर्तन (आउने वा जाने) को अनलाइन दर्ता लागि नगरपालिका केन्द्रको सल्लाह बमोजिम कार्य गर्नु गराउनु हुन सम्बन्धित वडा कार्यालयलाई अनुरोध गरिन्छ ।

(२२) सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ बमोजिम बनेपा नगरपालिका क्षेत्रभित्र स्थायी बसोवास भएका दलित माता/पिताको तर्फबाट जायजन्म भई जन्मेको ३५ दिनभित्र जन्म दर्ता गराउने दलित वालवालिकाका अविभावकले रु. १,०००।- (एक पटकका लागि) जन्म दर्ता प्रोत्साहन भत्ता प्राप्त गर्न सकिने व्यवस्था भएकाले तोकिएको समयमा जन्म दर्ता गरिसकेपछि प्रोत्साहन भत्ताका लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क राख्नु हुन समेत सूचित गरिन्छ ।

२०७६।०४।०६

प्रमुख प्रशासकीय अधिकृत